# शोध प्रबन्धको सार

# (ABSTRACT)

भारतको पश्चिस बङ्गाल राज्यअन्तर्गत दार्जिलिङ जिल्लाको दार्जिलिङ महकुमाभित्र पर्ने विभिन्न प्रशासनिक खण्डहरूमध्ये दार्जिलिङ पुलबजार खण्ड एउटा हो। कुल ४१६.३०४ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस खण्डलाई लोकवार्ता अध्ययनका निम्ति महत्त्वपूर्ण ठाउँका रूपमा चिह्नित गरी प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ। मुख्यतः बनाञ्चल, खासमहल र चियाबारीले ढाकिएको यस क्षेत्रलाई वन्यजीव र विभिन्न वानस्पातिक विविधताले युक्त भूखण्ड मान्न सकिन्छ। सन् २०११ को जनगणनाअनुसार  कुल जनसङ्ख्या १२६७४७ (एक लाख छब्बिस हजार सात सय सैँतालिस) जना रहेको यस क्षेत्रमा राई, लिम्बू, लेप्चा, सुनुवार (मुखिया) शेर्पा, गुरुङ, मगर, तामङ, नेवार, छेत्री, बाहुन, कामी, दमाई, सार्की, थामी, माझी, जोगी, भुटिया, डुक्पा, बिराही, मारवाडी आदि विभिन्न समुदायका मानिसहरू बसोबासो गर्छन्। यी विभिन्न समुदायहरूको सामूहिक लामो बसोबासोले यहाँको लोकवार्ता विकसित भएको तथ्य यस अध्ययनमा  उद्घाटित छ।

'दार्जिलिङ पुलबजार खण्डमा पाइने लोकवार्ताको विश्लेषणात्मक अध्ययन' शीर्षक रहेको यो शोधकार्य मुख्यतः प्राथमिक स्रोत तथा क्षेत्रकार्यको सर्वेक्षणबाट प्राप्त सामग्रीहरूमा आधारित छ। यस शोध प्रबन्धलाई आठवटा अध्यायमा विभाजन गरिएको छ।

यस शोधकार्यको पहिलो अध्यायमा 'शोध परिचय' रहेको छ। यसअन्तर्गत शोध प्रबन्धको शीर्षक, शोध समस्या कथन, पूर्वकार्यको सर्वेक्षण, शोधको आवश्यकता र औचित्य, शोधको उद्देश्य, सामग्री सङ्कलनका विधि र स्रोत, सैद्धान्तिक ढाँचा र विश्लेषण विधि, शोधकार्यको सीमाङ्कन, शोध प्रबन्धको रूपरेखा र  भावी शोधकर्तालाई सुझाव गरी जम्मा दसवटा उपशीर्षकहरू राखिएका छन्। यी प्रत्येक उपशीर्षकहरूमा सम्बन्धित विषयबारे आवश्यक जानकारी तर्क र तथ्यहरूसमेत राखिएका छन्।

अध्याय दुईमा दार्जिलिङ पुलबजार खण्डलाई लोकवार्ता अध्ययनको क्षेत्रका रूपमा चिनाइएको छ। यसो गर्ने क्रममा यस खण्डको स्थलाकृतिगत एवम् जनसाङ्ख्यिकीय तथ्याङ्कसहित भाषिक तथा सांस्कृतिक

स्थितिबारे प्रकाश पार्दै लोकवार्ता र यसका विभिन्न विधाहरू तथा लोकवार्ता अध्ययनका सैद्धान्तिक आधारहरूबारे आवश्यक उल्लेख पनि गरिएको छ। यसको सारांश निम्नप्रकारले राखिन्छ-

- दार्जिलिङ पुलबजार खण्ड दार्जिलिङ जिल्लाको पहाडी भेगमा रहेको एउटा प्रशासनिक खण्ड हो जो लोकवार्ता अध्ययनका निम्ति उल्लेखनीय क्षेत्र रहेको छ।
- यस खण्डमा भारोपेली तथा भोट-बर्मेली मूलका भाषा तथा बोली प्रयोग गर्ने भाषिक समुदाय साथै हिन्दु, बौद्ध, इसाई, मुसलमान औ प्रकृति तथा पितृपूजक जनजातिहरूको मिश्रित बसोबासो रहेको छ।
- लोकवार्ता शब्दले लोकको परम्परित ज्ञान भन्ने अर्थ दिँदछ। यसअन्तर्गत लोकले परम्परित रूपले हस्तान्तरण गर्दै आएका भाषिक तथा भाषेतर , गोचर-अगोचर आदि सम्पूर्ण क्रियाकलापहरू पर्दछन्।
- लोकवार्तालाई मौखिक लोकवार्ता, व्यवहारमूलक लोकवार्ता, कार्यसम्पादनमूलक लोकवार्ता तथा भौतिक लोकवार्ता गरी जम्मा चार मुख्य भागमा विभाजन गरेर अध्ययन गरिएको छ। यसमध्ये मौखिक लोकवार्ताअन्तर्गत लोकसाहित्य र लोकशब्दावली; व्यवहारमूलक लोकवार्ताअन्तर्गत लोकविश्वास, लोकरीति र लोकोपचार; कार्यसम्पादनमूलक लोकवार्ताअन्तर्गत लोकसङ्गीत, लोकनृत्य, लोकनाटक र लोकखेल औ भौतिक लोकवार्ताअन्तर्गत लोकशिल्प र लोककलाको अध्ययन गरिएको छ।

अध्याय तीनमा दापु खण्डमा पाइने 'मौखिक लोकवार्ता'-को विश्लेषणात्मक अध्ययन सम्पन्न गरिएको छ। यसो गर्ने क्रममा यस खण्डमा पाइने मौखिक लोकवार्तालाई 'लोकसाहित्य' र 'लोकशब्दावली' भनी मुख्य दुई भागमा विभाजन गरी त्यसअन्तर्गत पर्ने विभिन्न पक्षहरूमाथि विश्लेषणात्मक अध्ययन गरी निष्कर्ष पनि प्रस्तुत गरिएको छ। यसको सारांश निम्नप्रकारले राखिन्छ-

- दापु खण्डमा पौराणिक कथा, पशु-पक्षी विषयक कथा, नीतिकथा, किंवदन्ती, परीकथा तथा हँस्यौलीजस्ता लोककथाका प्रकारहरू प्रचलित छन्।

- यस खण्डमा सामान्य अवस्थामा गाइने र विशेष अवसरमा गाइने दुई प्रकारका लोकगीत प्रचलनमा रहेका छन्। यस्ता गीतहरू मुख्यतः नेपाली र केही न्यून संख्यामा लेप्चा, लिम्बू, शेर्पा र तामङ आदि भाषामा प्रचलित छन्।

- यस खण्डमा लोकगाथा नेपाली र लिम्बू भाषामा प्रचलित रहेका छन् भने उखान, तुक्का, वाग्धारा, गाउँखाने कथा जस्ता लोकसाहित्यका प्रकीर्ण भेदहरू पनि प्रचलित रहेका छन्।

- यस खण्डमा सिलोक र देउसीजस्ता लोकपद्यहरू पनि प्रचलित छन्।

- यस खण्डमा व्यक्तिका जिस्क्याउने नाम, पशु-पक्षी तह लगाउँदा प्रयोग गरिने शब्द, आशीर्वाद दिँदा, गाली गर्दा तथा सराप्दा प्रयोग गरिने शब्द, मान्छेले मान्छेलाई हकार्दा प्रयोग गरिने शब्द, अभिवादन गर्दा प्रयोग गरिने शब्द तथा मन्त्र जस्ता लोकप्रचलित शब्दावलीहरू पनि प्रचलित छन्।

अध्याय चारमा दापु खण्डमा पाइने 'व्यवहारमूलक लोकवार्ता'-को विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ। यसअन्तर्गत यस खण्डमा प्रचलित 'लोकविश्वास', 'लोक-रीतिरिवाज', 'चाडपर्व' तथा 'लोकउपचार' को अध्ययन प्रस्तुत गरिएको छ। यसको सारांश निम्नप्रकार राखिन्छ-

- यहाँको लोकले घरभित्र र घरबाहिर पुजिने गरी दुई प्रकारका देवीदेवताहरूको पूजा गर्ने गरेको छ।

- यस खण्डमा बसोबासो गर्ने विभिन्न समुदायहरूले देवीदेवताहरूको पूजा सम्पन्न गर्न साथै भूत-प्रेतजस्ता अनिष्टकारी शक्तिहरूलाई मन्साउनका निम्ति धामी, झाँक्री आदि प्रयोग गर्ने गरेका छन्। यस्ता पुजारीहरूलाई भिन्न भिन्न समुदायले विभिन्न नामले सम्बोधन गर्ने गरेका छन्।
- यस खण्डमा लोदर वा अपसकुन, जोखाना, लागो-भागो वा नजर लाग्नु, सपना सम्बन्धी विश्वास, सराप तथा निषेधजस्ता लोकविश्वासका अन्य प्रकारहरू पनि प्रचलित रहेका छन्।
- लोकले जीवनलाई सहज, नियमित र नियमबद्ध पार्नका निम्ति निश्चित रीतिविधिहरू निर्धारण गर्ने गरेको छ। दापु खण्डमा यस्ता रीतिरिवाजहरूले त्यहाँको लोकजीवनमा उल्लेखनीय भूमिका निर्वाह गरेको छ। जन्म, विवाह र मृत्युका निम्ति यस खण्डमा बसोबासो गर्ने समुदायहरूले लोक रीतिरिवाजहरू अनुसरण गर्ने गरेका छन्।
- यसबाहेक गुहारी, कामदारी, पर्म, पैँचो, बिलो बाँड्नु, मित लगाउनु जस्ता लोकव्यवहारहरू पनि प्रचलनमा रहेका छन्।
- यस खण्डमा दसैँ, तिहार, माघे सङ्क्रान्ति, चैते दसैँ, साउने सङ्क्रान्ति, तीज, असारको पन्ध्र, लोसार, नम्बन, गुरु पूर्णिमाजस्ता चाडपर्वहरू मान्ने परम्परा रहेको छ।
- दापु खण्डमा लोकउपचारका औषधीमूलक र तन्त्रमन्त्रमूलक गरी दुईवटा विधि प्रचलित छन्।

अध्याय पाँचमा दापु खण्डमा पाइने 'कार्य सम्पादनमूलक लोकवार्ता'-को विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ। यसअन्तर्गत यस खण्डमा प्रचलित 'लोक सङ्गीत', 'लोक नृत्य', 'लोक नाटक' तथा 'लोक खेल' बारे अध्ययन प्रस्तुत गरिएको छ। यसको सारांश निम्नप्रकार राखिन्छ-

- दापु खण्डमा मादल, च्याब्रुङ, नगरा, दमाहा, बाहुताल, ढ्याङग्रो, डमरुजस्ता तालबाजा, सनाही, नर्सिङ्गा, बाँसुरी, पात बाजा, शङ्ख, काङलिङ, मुर्चुङ्गा, बिनायो, फेँडी,

मुरलीजस्ता सुसिर बाजा, एकतारे बाजा, टुङ्ना, सारङ्गीजस्ता तारबाजा साथै काँसाका थाल, झ्याली, झ्याम्टा, घन्टी, मुजुराजस्ता घन बाजाहरू प्रचलित छन्।

- यस खण्डमा आनुष्ठानिक र सामान्य गरी दुई प्रकारका नृत्य प्रचलित छन्। यस्ता नृत्यहरूमा मारुनी, टेटा, परम्परित पुजारी नृत्य, थक् थाम् थाम् नाच, मे काम् काम् नाच, सँगिनी नृत्यजस्ता नृत्यहरू आनुष्ठानिक औ च्याब्रुङ नाच, गुर्मु, धान नाचजस्ता नृत्यहरू सामान्य नृत्यका रूपमा प्रचलित छन्।
- यस खण्डमा बालन लोकनाटक प्रचलित रहेको पाइन्छ।
- यस खण्डमा बाल र वयस्क लोकखेल गरी दुई प्रकारका खेलहरू प्रचलित छन्। बाल खेलहरू अनुकरणमूलक र प्रतियोगितामूलक छन् भने वयस्क लोकखेलहरू प्रतियोगितामूलक छन् जो घरभित्र र घरबाहिर खेलिने गरी दुई प्रकारका छन्।

अध्याय छमा दापु खण्डमा पाइने भौतिक लोकवार्ताको विश्लेषणात्मक अध्ययन प्रस्तुत गरिएको छ। यसअन्तर्गत यस खण्डमा प्रचलित लोकशिल्प र भौतिक लोककलाको अध्ययन गरिएको छ। यसको सारांश निम्नलिखित प्रकारले राखिन्छ-

- दैनन्दिन जीवनमा व्यवहार गरिने भौतिक सामग्रीहरूलाई कलात्मक स्वरूप दिएर प्रयोग गरिने लोकशिल्पका एकाधिक प्रकारहरू यस खण्डमा प्रचलित छन्। यस खण्डमा प्रचलित यस्ता शिल्पका काष्ठशिल्प, धातुशिल्प, मृत्तिकाशिल्प, प्रस्तरशिल्प, चर्मशिल्प, ऊर्णशिल्प, वास्तुशिल्प र लोकपहिरनजस्ता विभिन्न प्रकारहरू प्रचलनमा छन्।
- लोकशिल्पका यस्ता विभिन्न सामग्रीहरू घरभित्र र खेतीमा प्रयोग गरिने गरी मुख्य दुई प्रकार छन्।
- यस खण्डको लोकले मुख्यतः दैनन्दिन जीवनमा प्रयोग गरिने अथवा व्यावहारिक प्रयोजनदेखि बाहेकका सामग्री तथा कलाकृतिहरू निर्माण गर्ने गरेका छन् जसलाई लोककलाअन्तर्गत राखेर अध्ययन गर्न सकिन्छ। यस खण्डको लोकले विभिन्न रङ्गको

माटो, उद्भिदका पातबाट रङ्ग बनाएर घरका भित्तामा फुल आदिका चित्रहरू बनाउने गरेको छ। रातो माटो, कमेरो माटो, चुना साथै गोबर र माटो मिसाएर बनाइएको रङ्गले घर लिपपोत गरेर सुन्दर बनाउने परम्परा रहेको छ। यस खण्डमा घरका भित्ताहरूमा बटनफुल नामक फुलको चित्र बनाउने परम्परा पनि रहेको छ। मुख्यतः लिम्बू समुदायमा यस्ता फुल बनाउने परम्परा रहेको छ।

- धान पाकेपछि त्यसका बालाबाट 'धानका पुतली' नामक एकप्रकारको कलात्मक आकृति बनाएर घरका बाहिरी भित्तामा सजाउने गरिएको पाइन्छ।
- यस खण्डमा सुन, चाँदी, पुँवालो आदिका गरगहना पनि प्रचलनमा रहेका छन् जसलाई भौतिक लोककलाकै नमुना मान्न सकिन्छ।

अध्याय सातमा दापु खण्डमा पाइने लोकवार्ताको परिवर्तित स्थितिबारे अध्ययन प्रस्तुत गरिएको छ। परिवर्तनशीलता लोकवार्ताको एउटा विशेषता नै हो। यसैले यो जीवित विधा पनि हो। समयक्रममा लोकवार्ताका विभिन्न अङ्गहरूमा परिवर्तन देखिने गर्दछ। दापु खण्डको लोकवार्तामा पनि यस्तो परिवर्तनको स्थिति देखापरेको छ। जसको सारांश निम्न प्रकारले दिइन्छ-

- यस खण्डमा पाइने मौखिक लोकवार्ताका सामग्रीहरू परिवर्तित अवस्थामा रहेका छन्। यस खण्डमा विगतमा प्रचलित 'असारे गीत' वा 'रसिया', 'मारुनी नाच'-सँग सम्बन्धित गीतहरू तथा 'सिलोक भन्ने' प्रथामा ह्रास आएको छ भने मकै गोड्दा गाइने 'दम्के' गीत भने गाउनै छोडिएको छ। यसबाहेक जुवारी खेल्ने गीत तथा तीजको गीत गाउने परम्परामा न्यूनता आएको छ। यस खण्डमा विगतमा बालबालिकाहरूले खेल्दै गाउने 'ढुकुमुकु ढुकुमुकु' बालगीत गाउन छोडिएको छ।
- यस खण्डमा पाइने व्यवहारमूलक लोकवार्ता पनि परिवर्तित अवस्थामा रहेको छ। विगतमा वृहत् मात्रामा प्रचलनमा रहेको पशुबलीका साटो अहिले फल-फुल र दुध आदि प्रसादहरू चढाएर पूजा गर्ने परम्परा प्रारम्भ भएको छ। लोकविश्वासअनुसार अस्थायी

रूपमा हिँडिरहने देवी-देवताहरूका स्थायी मन्दिर आदि निर्माण गर्ने परम्परा प्रारम्भ भएको छ। लिम्बू र लेप्चा परम्परित पुजारीहरूको सङ्ख्या घट्दो अवस्थामा रहेको छ। यसबाहेक वैवाहिक रीतिरिवाजमा पनि परिवर्तान आएको छ।

- दापु खण्डमा पाइने कार्यसम्पादनमूलक लोकवार्तामा पनि परिवर्तन आइरहेको तथ्य सङ्ग्रह गरिएको छ। कतिपय लोकनृत्यहरू सम्पादन गरिने समय र स्थिति आदि परिवर्तित अवस्थामा रहेका छन्। मारुनी नृत्यलाई यसको उदाहरणस्वरूप लिन सकिन्छ। विगतमा मारुनी नृत्य तिहारका बेलामा नियमबद्ध रहेर गाउने प्रचलन रहे तापनि अहिले यसरी गाउनको साटो जनभेला तथा सांस्कृतिक कार्यक्रम आदिमा नाच्ने गरिएको छ। यसरी नाच्दा यस नृत्यसँग सम्बन्धित गीत र नृत्य दुवै प्रभावित भएका छन्। यस खण्डमा अहिले लोकखेलहरूको स्थान लोकप्रिय खेलहरूले लिइरहेको पाइन्छ।
- यस खण्डको भौतिक लोकवार्ता पनि परिवर्तित अवस्थामा रहेको छ। दैनन्दिन जीवनमा प्रयोग गरिने लोकसामग्रीहरू बनाउने तथा बुन्ने परम्परामा ह्रास आएको छ। यस्ता लोकसामग्रीहरूका ठाउँ कारखानामा निर्माण गरिने सामग्रीहरूले लिइरहेका छन्। गृह निर्माणका परम्परित शैली र साधनहरू परिवर्तन भइरहेका छन्। विगतमा यहाँका स्त्रीहरूले लगाउने गरेका परम्परित गहनाहरू अहिले कम मात्रामा प्रचलित छन्। यसमध्ये चाँदीका कल्ली, चन्द्रहारजस्ता गहनाहरू लगाउने परम्परा भने लुप्त भएको छ।

यसप्रकार दापु खण्डमा पाइने भौतिक लोकवार्ताका सामग्रीहरू परिवर्तन हुनका पछि भाषिक, आर्थिक, शैक्षिक तथा वैज्ञानिक विकासजस्ता एकाधिक कारणहरू रहेका छन्।

अध्याय आठमा दापु खण्डमा पाइने लोकवार्ताको विश्लेषणात्मक अध्ययनको उपसंहार एवम् निष्कर्ष राखिएको छ। यसमा सम्पूर्ण शोधकार्यको उपसंहार तथा प्राप्त निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ।